# मसिनेलाई 'माछागाउँ' बनाइँदै

■ प्रताप विष्ट

हाँडीखोला (मकवानपुर)- मकवानपुरको मसिने गाउँलाई स्थानीयवासीले 'माछागाउँ' का रूपमा विकास गर्न थालेका छन् । हाँडीखोला ७ मा पर्ने यो गाउँको नाम नै 'माछागाउँ' राख्न लागेका हुन् ।

मसिनेका बासिन्दाले विगत दुई वर्षदेखि व्यावसायिक रूपमा माछापालन सुरु गरेका छन् । माछापालनका निम्ति सुरुमा एमडीआई नेपालले स्थानीयवासीलाई पोखरी खन्न र प्राविधिक सहयोगका साथै माछाको भुरा पनि उपलब्ध गराएका थिए । तरकारी र खाद्यान्नबालीभन्दा माछापालनबाट राम्रो आम्दानी हुन थालेपछि माछापालन व्यवसाय फस्टाएको हो ।

'तरकारी र खाद्यान्न बाली गर्न छाडेर माछापालन व्यवसाय गर्न थालेका छौं', स्थानीयवासी सानोकान्छा लामाले भने, 'गाउँका किसान यही व्यवसायतर्फ आकर्षित छन् ।' लामाले ५ वटा पोखरीमा झन्डै ७ हजार माछाका भुरा हालेका छन् । कृषि विकास कार्यालयले खाद्य सुरक्षा, पोषण र आयआर्जनमा वृद्धि गराउन यस क्षेत्रका माछापालक कृषकलाई प्रतिपोखरी १० हजार नगद प्रदान गर्ने भएको छ । चालू आवमा २० वटा नयाँ पोखरी खनेर माछापालन गर्नेलाई उक्त रकम उपलब्ध गराउने भएको छ ।

'मसिने क्षेत्रको जमिनमा पानीको सुविधा भएकाले माछापालन व्यवसाय फस्टाएको हो', कृषि विकास कार्यालय मकवानपुरका प्रमुख महेश रेग्मीले भने, 'माछा व्यवसाय गर्नेलाई कृषि विकास कार्यालयले सहयोग गर्दै आएको छ ।' तामाङ, क्षेत्री र बाहुनको बसोबास रहेको उक्त क्षेत्रमा माछापालनका निम्ति पोखरी खन्नेबित्तिकै पानी जमिनबाट नै आउने गर्छ । पोखरीमा पानी बाहिरबाट ल्याउनु पर्दैन ।

गत वर्ष एउटा पोखरीको माछा बिक्रीबाट २५ हजारभन्दा बढी आम्दानी गर्न सफल भएपछि स्थानीय कृषक रामहरि विष्टले थप दुईवटा पोखरी खनेर माछापालन थालेका छन् । 'तरकारी र खाद्यान्नबालीभन्दा माछापालनबाट कम मेहेनतमा आम्दानी राम्रो हुने भएकाले यस क्षेत्रका बासिन्दा माछापालनतर्फ आकर्षित भएका छन्', विष्टले भने, 'मसिनेमा मात्र अहिले सय वटाभन्दा बढी पोखरीमा माछा पालिएको छ ।' निकट भविष्यमै मसिनेगाउँलाई माछागाउँमा परिणत गर्ने लक्ष्य स्थानीयवासीको छ ।

उत्पादित माछाको बजारको समस्या नभएकाले पनि स्थानीयवासी माछापालन गर्न हौसिएका हुन् । एमडीआई नेपाल र कृषि विकास कार्यालय दुवैले माछापालन कृषकलाई प्राविधिक एवं आर्थिक सहयोग गर्दै आएका छन् ।

scan to download
Kantipur App